पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ पोखरा खण्ड : ५९ प्रमाणित मितिः २०७८ माघ २६ गते

## भाग २

## पोखरा महानगर मेशिन सञ्चालन सम्वन्धी मापदण्ड, २०७८

# पोखरा महानगर मेशिन सञ्चालन सम्वन्धी मापदण्ड, २०७८

पोखरा महानगरपालिका क्षेत्र भित्र विभिन्न विकास निर्माण काम गर्न तथा निजी तवरबाट जग्गाको सुधार काम गर्न र कृषि प्रयोजनका लागि व्यक्तिगत एवं संस्थागत रुपमा जग्गाको चक्लाबन्दीको काम गर्न, सार्वजनिक तथा निजी घर/भवन बनाउनका लागि खन्ने खोस्रने र सडकको ट्र्याक खोल्ने, मोड सुधार गर्ने, उवडखावड सम्याउने लगायतका काम गर्नको लागि महानगरबाट मेशिन तथा मेसिनरी औजार प्रयोग गर्न पेर्न आवश्यक देखिएको र मेशिन तथा औजार प्रयोग गर्दा वातावरणीय सन्तुलन कायम गर्दै विपद जोखिम न्यूनिकरणका काममा असर नपुगोस् भन्ने अभिप्रायले उक्त काम कारवाही गर्दा एकरुपता कायम गर्न मेशिन सञ्चालन सम्वन्धी मापदण्ड बनाई लागू गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाले देहायको मापदण्ड तयार गरी लागु गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम पोखरा महानगर मेसिन सञ्चालन सम्वन्धी मापदण्ड, २०७८ रहेको छ ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ ।

२. **परिभाषा** :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “**महानगरपालिका**” भन्नाले पोखरा महानगरपालिकालाई जनाउछ।

(ख) “**नगर कार्यपालिका**” भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकालाई जनाउछ ।

(ग) “**वडा कार्यालय**” भन्नाले महानगरपालिका अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्छ ।

(घ) “**प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई जनाउछ।

(ङ) “**उप-प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाको उप-प्रमुखलाई जनाउँदछ ।

(च) “**मेसिन**” भन्नाले यस कार्यविधि बमोजिमको काम गर्नका लागि प्रयोग हुने पर्ने स्काभेटर, डोजर, व्याकहो लोडर, जे.सि.भि., ग्रेडर, ट्रिपर, ट्रक, तथा ट्याकटर र तिनमा जोडी प्रयोग गरिने साधन समेतलाई जनाउछ ।

(छ) “**अनुमति प्रदान गर्ने क्षेत्र**” भन्नाले दफा ८ बमोजिम मेसिनरी प्रयोग गर्न पाउने गरी अनुमति प्राप्त हुदाका अवस्था तोकिएको स्थान भन्ने जनाउछ ।

(ज) “**अनुमति पत्र**” भन्नाले दफा (६) वमोजिम दिइएको अनुमति पत्रलाई जनाउछ ।

(झ) “**कार्यविधि**” भन्नाले पोखरा महानगरपालिका द्वारा जारी गरिएको पोखरा महानगर मेसिनरी सञ्चालन सम्वन्धी मापदण्ड, २०७८ मा उल्लेख भएको व्यवस्थालाई सम्झनु पर्छ ।

(ञ) “**तोकिएको वा तोकिएबमोजिम**” यस मापदण्डमा तोकेको वा तोकिए बमोजिमको कार्य भन्ने बुझिन्छ ।

## परिच्छेद – २

## अनुमति, दस्तुर र मापदण्ड सम्बन्धी व्यवस्था

३. **अनुमति लिनु पर्ने** : (१) यस मापदण्ड वमोजिम तोकिएको क्षेत्रमा मेसिन समानको प्रयोग गरी निर्माण काम गर्नु पुर्व वा त्यस प्रकारको योजना सञ्चालन गर्नु पुर्व यस मापदण्ड वमोजिम सो काम गर्ने व्यक्ति वा संस्थाले अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त नगरी गरिने कुनै पनि निर्माण सम्बन्धी काम कारवाहीलाई समितिले तुरुन्त रोक्ने भए गरेका काम कारवाहीका आधारमा जरिवाना र उचित क्षतिपूर्तिको निर्णय गर्न सक्ने छ ।

(३) यस परिच्छेद बमोजिम जरिवाना र क्षेतिपूर्ति भराउने निर्णय गर्नु पुर्व सम्बन्धीत व्यक्तिलाई उचित सुनुवाईको मौका दिईने छ ।

४. **अभिलेख राख्नु पर्ने** : (१) मेसिन सञ्चालन अनुमति दिएको विवरण उल्लेख गरी महानगरपालिकाको योजना महाशाखाले अनुमति दिएको व्यहोराको स्पष्ट खुल्ने गरी अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको अभिलेखको विवरण सदस्य सचिवले समितिको जानकारीको लागि हरेक वैठकमा संयोजक मार्फत वैठकमा टेवुल गर्नु पर्नेछ ।

५. **अनुमति प्रदान गर्न सकिने क्षेत्र** : (१) दफा ४ वमोजिमको समितिले आवस्यक जांच वुझ गरी देहायका क्षेत्रमा मेसिनरी सामाग्रि प्रयोग गरी निर्माण सम्वन्धी वा अन्य काम गर्न गराउनका लागि अनुमति प्रदान गर्न सक्नेछ :

(क) निजी जग्गा सुधार सम्वन्धी काम गर्न,

(ख) कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत वा निजी स्वामित्वको जग्गामा चक्लाबन्दीको काम गर्न,

(ग) सामूहिक र व्यवसायिक खेती प्रणालीको लागि जग्गा सुधारको काम गर्न,

(घ) व्यक्तिगत तथा संस्थागत जग्गामा घर वा भवन निर्माणको लागि जग खन्ने काम गर्न,

(ङ) विभिन्न उद्योग व्यवसायको लागि आवश्यक पूर्वाधार तयार गर्ने काम गर्न,

(च) संघीय सरकार, प्रदेश सरकारका कार्यालयबाट सञ्चालित विकास निर्माण सम्वन्धी काम गर्न,

(छ) निजी स्वामित्वको जग्गाबाट जग्गाधनीको स्वीकृतिमा माटो, ग्राभेल जस्ता नदीजन्य र खानीजन्य सामानको निकासी सम्वन्धी काम गर्न,

(ज) सडकको ट्र्याक खोल्ने, मोड सुधार गर्ने, उवडखावड सम्याउने जस्ता सार्वजनिक काम गर्न,

(झ) सार्वजनिक हितको लागि गरिने मर्मत सुधारका काम गर्न,

(ञ) महानगरबाट सञ्चालित विकास निर्माण सम्वन्धी काम र आय ठेक्का बन्दोबस्त अन्तर्गत नदीजन्य निर्माण सामाग्री बिक्री वितरण गर्न खोलिएका नदी तथा खोलाको घाटहरुसम्म पहुँचमार्ग खोल्न तथा मर्मत सुधार सम्वन्धी काम गर्न,

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम अनुमति लिदा घर निर्माणको लागि भए एक हजार वर्ग फिट र कृषि कामको प्रयोजनको लागि भए एक रोपनी सम्म क्षेत्रफलको लागि सम्बन्धित वडा कार्यालयले अनुमति दिन सक्नेछ ।

६. **अनुमति लिने सम्वन्धी कार्यविधि :**

(क) मेशिन प्रयोग गर्न आवश्यक भए नभएको सम्बन्धमा प्राविधिकबाट स्थलगत नापजाँच गरी उत्खनित हुने सामाग्रीको परिमाण र त्यसको लागि आवश्यक समय समेत एकिन गरी राय सहितको स्थलगत मूल्याङ्कन प्रतिवेदन पेश गरेको हुनु पर्नेछ ।

(ख) सम्वन्धित वडा कार्यालयको सिफारिस र सो साथ वडा कार्यालय वाट सिफारिस दिंदा गरिएको सर्जमिन मुचुल्का र साँध सँधियार र प्रभावित स्थानका सरोकारवालाको सहमति साथ राख्नु पर्नेछ ।

(ग) सम्वन्धित व्यक्ति वा संस्थाको निजी जग्गा रहेकोमा जग्गाधनी प्रमण पुर्जा, तिरो तिरेको रसीद र नागरीकाताको प्रमाण पत्रको प्रतिलिपि साथ राख्नु पर्नेछ ।

(घ) अन्य व्यक्तिको जग्गा भाडामा लिई काम गर्नको लागि भएमा सम्झौता पत्र र तोकिएको काम गर्न सक्ने गरी जग्गावाला संग

गरेको शर्तनामा कागज साथ राख्नु पर्नेछ ।

७. **अनुमतिपत्रको लागि आवश्यक दस्तुर :** (१) यस मापदण्ड बमोजिम मेशिनरी सञ्चालन अनुमति प्राप्त गर्दा तोकिए अनुसार दस्तुर वुझा( उनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको दस्तुर सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **अनुमति पत्रको म्याद थप सम्बन्धी व्यवस्था :** (१) यस मापदण्ड बमोजिम दिएको मेशिनरी सञ्चालन अनुमति पत्रको समय सिमा भित्र काम सम्पन्न हुन नसकी म्याद थप गर्नुपर्ने भएमा म्याद थप गर्नुपर्ने आधार र कारण सहित महानगर पालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको समयावधी भित्र काम हुन नसकेको भनि सम्बन्धित प्राविधिक कर्मचारीबाट म्याद थप गर्नुपर्ने मनासिव कारण खोली सो को विवरण पेश गर्नु पर्नेछ ।

(३) सम्बन्धित वडा कार्यालयबाट म्याद थपको लागि सिफारिश भै आएको हुनु पर्नेछ ।

(४) म्याद थप भएको अवधिको लागि तोकिए वमोजिमको दस्तुर लाग्नेछ ।

९. **मेशिन सञ्चालन मापदण्ड :** यस मापदण्ढको उद्देश्य पुरा गर्नका लागि देहाय बमोजिम मापदण्ड पालना गर्नु गराउनु पर्नेछ ।

(१) महानगरपालिकाबाट पारित संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम उत्खनित समाग्री निकासी गर्नु पर्ने भएमा सो को अध्ययन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) बाटो सम्याउँदा/जग्गा सुधार कार्य गर्दा/चक्लाबन्दी गर्दा, नयाँ ट्र्याक खोल्दा निस्किएको ढुङ्गा माटो सुरक्षित रुपमा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) मेशिनप्रयोग गर्दा साँध सँधियार तथा अन्य स्थानीय व्यक्तिलाई

हानी नोक्सानी पु¥याउन पाईने छैन ।

(४) मेशिन प्रयोग हुने स्थानको भू-बनौट तथा भौगोलिक अवस्थित समेतको एकिन गरी अनुमति दिन सकिने वा नसकिने निर्णय गर्नु पर्नेछ। नदी, खोला एवं वस्ति, सँधियार तथा छरछिमेकलाई जोखिम पुग्ने गरी मेशिन सञ्चालनगर्न पाईने छैन । सरोकारवालाको गुनासो वा उजुरी आएमा तत्कालै उत्खनन तथा निकासी कार्य बन्द गर्नु पर्नेछ ।

(५) दिनको समयमामात्र मेशिन सञ्चालनगर्न पाईने छ ।

(६) ढुङ्गा, ग्राभेल, माटो जथाभावी रुपमा उत्खनन र निकासी गर्न पाईने छैन ।

(७) मेशिन सञ्चालन गर्दा वातावरण प्रतिकूल हुने कार्य गर्न पाईने छैन । उत्खनित सामाग्री निकासी गर्ने भएमा सार्वजनिक बाटो तथा स्थान र आवागमनमा बाधा पुग्ने गरी निकासीखगर्न पाईने छैन ।

(८) सार्वजनिक जग्गा एवं कुलो, नहर, खोला खोल्सीको क्षेत्राधिकार वा मापदण्ड भित्र दखल पुग्ने गरी मेशिन प्रयोग गर्न पाईने छैन। अन्यथा भए गरेको पाईएमा कानून बमोजिम कारवाही एवं जरिवाना गरिने छ ।

(९) अस्वभाविक रुपबाट उत्खनन गरी खाल्टा पार्ने वा डाँडाको भौगोलिक स्वरुपमा दखल पुर्‍याउने गरी मेशिन सञ्चालन गर्न पाईने छैन ।

(१० अनुमति लिएको जग्गा बाहेकको स्थानमा मेशिन सञ्चालन गर्न पाईने छैन । अनुमतिमा तोकिएको स्थान भन्दा बाहेकको स्थानमा प्रयोग भएको पाईएमा कानून बमोजिम कारवाही गरिनेछ ।

(११) मेशिन प्रयोगको विषयमा साँध सँधियार वा प्रभावित व्यक्तिको गुनासो वा सिकायत आउन नपाउने व्यवस्था सम्बन्धित व्यक्ति(मेशिन प्रयोगकर्ता वा जग्गाधनी) ले मिलाउनु पर्नेछ ।

त्यस्तो गुनासो वा उजुरी आएमा महानगरबाट जुनसुकै बखत यो अनुमति रद्द गरी उत्खनन र निकासी कार्य रोक्का गर्न सक्ने छ ।

(१२) संघीय सरकार तथा प्रदेश सरकारका कार्यालय, स्थानीय तह वा सरकारको स्वामित्व रहेका कार्यालयबाट भएका ठेक्का सम्झौता अन्तर्गत महानगर क्षेत्रभित्र मेशिन सञ्चालनको अनुमति माग भएको अवस्थामा मेशिन प्रयोग गरी उत्खनन हुने सामाग्री प्रयोग वा निकासी गर्न नपाउने गरी अनुमति दिन सकिनेछ । तर उत्खनित सामाग्री ठेक्का कार्यमा प्रयोग हुने भएमा प्रयोग हुने परिमाणको लागि महानगरको आर्थिक ऐनले निर्धारण गरेको दरमा राजश्व बुझाउनु पर्नेछ ।

(१३) महानगर वा अन्य सरकारी निकायबाट जुनसुकै बखत अनुगमन निरीक्षण हुन सक्नेछ । अनुगमनको समयमा अनुमति पत्रमा तोकिएका शर्तहरुको पालना नभएको पाईएमा त्यस्तो अनुमति पत्र अनुगमन स्थलमै रद्द गर्न सकिनेछ ।

(१४) अनुमति दिँदा प्रतिदिन प्रयोगमा ल्याउने उपकरण, ट्रिपर, ट्रक वा ट्रयाक्टर लगायतको संख्या प्रष्ट खुलाउनु पर्नेछ ।

(१५) उत्खनित सामाग्री बिक्री वा निकासी गरिने भए निकासी हुने परिमाण र स्थान अनुमति पत्रमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ।

(१६) महनगरबाट अनुमति पत्रमा आवश्यक थपघट वा संशोधन गरी अनुमति दिने वा नदिने भन्ने अधिकार निहीत हुनेछ ।

(१७) महानगरले चाहेको जुनसुकै बखत मेशिन सञ्चालन गरी उत्खनन र निकासी गर्न नपाउने गरी बन्देज लगाउन सक्नेछ साथै प्रदान भएको अनुमति रोक्का वा रद्द गर्न सक्नेछ ।

## परिच्छेद – ४

## अनुगमन र मुल्याङ्कन सम्बन्धी व्यवस्था :

१०. **अनुगमन तथा मूल्यात्तन सम्बन्धी व्यवस्था** : (१) यस मापदण्ड बमोजिम कार्यसम्पादनको लागि महानगरपालिकाको उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले यस मापदण्ड बमोजिमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(३) दफा ७ को उपदफा (२) बमोजिम दिइने अनुमतिको हकमा अनुगमन तथा मूल्याङ्कन प्रयोजनको लागि देहाय बमोजिम एक वडा अनुगमन समिति रहनेछ ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धीत वडाको प्राविधिक कर्मचारी एक जना -सदस्य

(ग) सदस्य-सचिव-वडा सचिव

## परिच्छेद – ५

## विविध

११. **यसै मापदण्ड बमोजिम भएको मानिने** : (१) यो मापदण्ड लागु हुनु पूर्व भए गरेका मेशिनरी सञ्चालन सम्बन्धी काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यो मापदण्ड लागु हुनु पुर्व मेसिनरी संचालन सम्वन्धमा लिइएको अनुमति पत्रको समय समाप्त भएमा सो समय समाप्त भएको मिति देखि नविकरण गर्नु पनेमा समेत यसै मापदण्ड वमोजिमको प्रकृया अवलम्वन गरी सो वमोजिमको दस्तुर वुझाउनु पर्नेछ ।

१२. **वाधा अड्काउ फुकाउने सम्वन्धी** : यो मापदण्डको प्रयोग र पालनामा

कुनै दुविधा उत्पन्न भएमा सो को वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१३. **बचाउ** : यो मापदण्डको व्यवस्था प्रचलित नेपाल कानून वा महानगरपालिकाले जारी गरेका कानून संग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानूनको व्यवस्था नै लागु हुनेछ ।

**प्रकाशन मिति : २०७८ माघ २६ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**